# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ असोज २०८०

# बिहीवार

# बैठक सङ्ख्या- ४२

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:५० बजे प्रारम्भ भयो ।

(१४:५० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१४:५१ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१४:५१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले प्रस्तुत गर्नुभएको "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको

सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई ३ मिनेटभित्र उपलब्ध गराइदिनुहुनु अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ५ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१४:५२ बजे) माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू, अहिले पेस गरिएको यो विधायनसम्बन्धी विधेयकका सन्दर्भमा हामी छलफलमा भाग लिइरहेका छौं । वास्तवमा यो विधेयक संविधान घोषणा भएसँगै पहिले नै आउनुपर्थ्यो । संविधान घोषणा भएको करिब ८ वर्ष बितिसक्यो, त्यसपछि मात्रै यो विधेयक चैं सदनमा आयो । यदि संविधान घोषणा भएसँगै पहिले नै आइदिएको भए धेरै कुराहरू संविधानमा व्यवस्था भएअनुरूप कानुन निर्माणको सवालमा निकै सघाउ पुग्ने थियो । हामीले के गऱ्यौं भन्दा यो विधेयक ल्याउनुभन्दा पनि नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ बमोजिम सदनमा पेस गर्ने विधेयकका सन्दर्भमध्ये सबै प्रक्रियाहरू त्यसै कार्य सम्पादन नियमावली, २०६४ बमोजिम हामी चैं अहिलेसम्म अगाडि बढायौं । र त्यसरी अगाडि बढाउँदा जुन विषयमा विधेयकहरू सदनमा ल्याइन्छन्, ती विधेयकहरू व्यापक जनताका बिचमा, व्यापक सरोकारवालाका बिचमा छलफल र बहस, त्यसै गरी हामीसँग विज्ञसँगको पनि हामीले यो नीति अनुसन्धान प्रतिष्ठान गठन गरेका छौं । नेपाल कानुन आयोग बनाएका छौं । र विधेयक सदनमा आइसकेपछि त्यो विधेयक चैं दफावार छलफलको निम्ति समितिमा गइसकेपछि धेरै कुराहरू बाझिएका र ती बाझिएका कुराहरूलाई हामीले संशोधनमार्फत धेरै कुरा सच्याएर track मा लिएर आयौं । तर यो विधेयक अब यो भर्खरै मात्र आ'को छ । संविधान जुन चैं छ, के देखिन्छ भन्दाखेरि नेपालमा संविधानमा व्यवस्था भएका कुराहरूलाई हेर्ने हो भने नेपालमा समाजवाद आइसक्यो भन्ने खालको कुराहरू चैं छ । तर व्यवहारमा समाजवाद त कहाँ हो, हामी कतातिर जाँदै छौं भन्ने कुरा अहिलेको कुण्ठाहरू, अहिलेका आक्रोशहरू, यी यावत् कुराहरूले हामी कतातिर उन्मुख छौं भन्दा जनताको ठुलो आक्रोश छ, आपत्ति छ । बिचमा, २०७४ सालको संविधानबमोजिम निर्वाचन सम्पन्न भएपछि समुन्नत नेपाल, सुखी नेपालीअनुरूप केपी ओली नेतृत्वको सरकारले जे कुराहरूलाई अगाडि बढाएको थियो, त्यो सरकारको बहिर्गमनपश्चात् अहिले यो सरकारले जे गर्छु भनेको थियो, ती कुराहरू आज हुन सकेका छैनन् र हामीलाई दुःख लागिरहेको छ ।

पछिल्लो समयमा चैं अहिले हामीले यो विधायन व्यवस्थापन समितिमा हामीले एउटा उपसमिति बनाएका थियौं । त्यो उपसमितिअनुरूप त्यसले पनि आफ्नो प्रतिवेदन यहाँ बुझाएको छ । अहिले पनि के भने संघले बनाउनुपर्ने कानुन करिब ४० ओटा छन् र प्रदेशले बनाउने कानुन २४ ओटा छन् र स्थानीय तहले बनाउने कानुनहरू ६ ओटा छन् । राज्यशक्तिको प्रयोग तीन तहबाट हुन्छ । संघ र प्रदेश र स्थानीय तहबाट हुन्छ । आज यी कानुनहरू बन्न सकिरहेको अवस्था छैन । र यो कस्तो छ भन्दाखेरि, यो विगतमा पनि कस्तो थियो भन्दाखेरि यो ऐन तुरुन्त प्रारम्भ हुने छ भन्ने खालको अमूर्त कुराहरू राखिने, ती अमूर्त कुराहरूलाई हामीले track मा लेराएर यो तेस्रो दिनदेखि भन्ने लिएर आएका छौं । त्यसै गरी विधेयकका हरेक ठाउँमा नियमावलीबमोजिम, विनियमबमोजिम, त्यसपछि निर्देशिकाबमोजिम, कार्यविधिबमोजिम र थप अन्य भनेर त्यस्ता कुराहरू पनि त्यहाँ घुसाइन्थ्यो । र ती कुराहरूको अभावमा, त्यसको प्रष्ट व्यवस्था नगरेको कारणले गर्दाखेरि ऐनहरू बने, ती बनेका ऐनलाई कार्यान्वयनमा ल्याउनको निम्ति समस्याहरू पैदा भए । र अहिले पनि नियमावली कतिपय ती विनियमहरू र कतिपय कार्यविधिहरू नबनेको कारणले गर्दाखेरि जनताले सेवा सुविधाहरू पाउन सकेका छैनन् । र यो विधेयक जसरी अहिले आ'को छ, यो विधेयकलाई समृद्ध बनाउनको निम्ति हामीले दफावार छलफलको निम्ति आफ्नो संशोधन चैं हामी हाल्ने नै छौं । संशोधनमार्फत यो विधेयकलाई समृद्ध बनाउने छौं ।

र यो विधेयकले अब के कुरा चैं gurantee गर्ने छ भन्दाखेरि ऐनको गुणस्तरीयता र एकरूपता ल्याउनलाई यसले सहयोग पुऱ्याउने छ, अभिलेखलाई व्यवस्थित गर्ने र प्रकाशन गर्ने कुरालाई व्यवस्थित गर्ने छ, प्रत्यायोजित विधायनको निर्माण प्रक्रियामा सीमा निर्धारणका कुराहरू यसले यकिन गरेको छ । त्यसैले सम्माननीय अध्यक्षज्यू, मैले यो भन्न चैं चाहन्छु, विधेयकको अन्तर्वस्तुको पछि त जाउँला तर पनि विधेयकको अन्तर्वस्तुमा चैं फेरि पनि अरूले गर्न सक्ने छन् भन्ने खालका शब्दहरू राखिएका छन् । यी कुराहरूलाई हामी संशोधनमार्फत यसलाई गराउने छौं । र सबै नागरिकको, कानुन मेरो हो, अपनत्व हो भन्ने खालको हुने गरी अबका दिनमा कानुन प्रक्रियामा सम्बन्धित मन्त्रालय त्यस्तोमा जाने छ । र नीति अनुसन्धान आयोग छ, त्यसै गरी हाम्रो नेपाल कानुन आयोग छ, यी समग्रमा सबैको सुझाव लिएर कानुनलाई समृद्ध बनाएर अगाडि बढाउनुपर्नेतर्फ सरकारको ध्यान जाओस् । म यही कुरा राख्न चाहन्छु, सम्माननीय अध्यक्षज्यूमार्फत । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१४:५७ बजे) मान्नीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, आज हामी विधायनसम्बन्धी विधेयक, २०८० माथि चैं सैद्धान्तिक छलफल गरिरहेका छौं । म यो विधेयकलाई स्वागत गर्न चाहन्छु । यो विधेयक राष्ट्रिय सभाबाट उत्पत्ति भएको हो । यसले विधायन व्यवस्थापनको विषय र प्रत्यायोजित विधायनको विषयलाई समेटेर प्रस्ताव गरेको छ । राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले २ वर्षअघि ०७८ साल असोज ६ गते नै यो विधेयकको आवश्यकता महसुस गरी प्रत्यायोजित विधायनको व्यवस्था गर्नको लागि यो विधेयकको मस्यौदामाथि छलफल गरी संघीय मामिला तथा कानुन मन्त्रालयसँग छलफल गरेर सुझावसमेत दिएको छ, संघीय संसद चाँडो ल्याउनको लागि भनेर । अलि ढिलो गरी भए पनि यो विधेयक सदनमा आएको छ । त्यसैले पनि म स्वागत गरिरहेको छु । नेपाल सरकार, कानुन तथा संघीय मामिला मानवीय मन्त्रीज्यूलाई पनि म धन्यवाद दिन चाहन्छु । यसै गरी निवर्तमान सभापति रामनारायण विडारी, राधेश्याम अधिकारीलाई पनि म सम्झन चाहन्छु । यो विधेयकको सैद्धान्तिक पक्ष निश्चित भएर आएको छ । २ वटा विषयहरू मिसिएर ल्याउँदा कतिपय विषयवस्तुमा दोहोरोपन त देखिन्छ । पूर्ववर्ती प्रत्यायोजित विधायनहरूको सङ्कलन अभिलेखको सन्दर्भमा चैं अलिकति मौन रहेको छ । यसका सबल पक्षका रूपमा नेपालको संविधान मौलिक हकमाथि कुनै पनि प्रतिबन्ध नलगाउने, ऐनले दिएको अधिकार सीमाबाहेक नियमन गर्ने, इजाजत पत्र दिने, जारी गर्ने, शुल्क निर्धारण गर्ने, कोष निर्धारण गर्ने, नियुक्ति, अवकाश र योग्यताको निर्धारण गर्ने जस्ता विषयहरू प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने हुँदा राखिनुहुन्न भनेर भनिएको छ । एकपल्ट प्रत्यायोजित भएको अधिकारलाई पुनः प्रत्यायोजित गर्न हुने छैन । सारवान् विषय दण्ड सजाय कर निर्धारण जस्ता विषय ऐनबाहेक सहायक कानुनमा राखिने छैन भनिएको छ । आमजनताको जीवनमा लागु हुने प्रत्यायोजित विधायनहरू प्रकाशन गर्नुपर्ने, प्रकाशन नहुँदासम्म लागु नहुने भन्ने विषयलाई प्रस्ताव गरिएको छ । यो सबल पक्ष पनि हो । विधेयकको मस्यौदा तयारीका अवस्थामा नै मस्यौदाकारको अवधारणामा स्पष्ट ल्याउने छ । सरोकारवालाको पक्षमा राय सुझाव लिनुपर्ने व्यवस्था गरिएको छ भने संघ, प्रदेश, स्थानीय तहले प्रत्यायोजित विधायनको सीमाभित्र रही मातृ ऐनले दिएको अधिकारभन्दा बाहिर गएर सहायक कानुन बनाउन पाउने छैन ।

आगामी समयमा विधेयकहरू अध्यादेशलगायतका विषयहरूको calendar बन्ने छ । अभिलेखहरू अभिलेखन हुने छ, दर्ता हुने छ । यसको एकीकृत हुने र समीक्षासमेतमा सहजता प्रदान गर्ने छ । यस विधेयकमा पनि प्रत्यायोजित विधायनहरू पुनः प्रत्यायोजित गर्न सकिने

एउटा दफा राखिएको छ, यसलाई हटाउनुपर्छ । नियमावली नै कार्यविधि हो भने फेरि कार्यविधि बनाउन पनि प्रावधानको आवश्यकता देखिँदैन । यो विधेयकको आवश्यकता किन पनि थियो भने ऐनको कार्यान्वयन मापन मूल्याङ्कन गर्ने ५ वर्षपछिको १ वर्षको मूल्याङ्कनको समय रहने कुरा विभिन्न विधेयकहरूमा छलफल हुँदै आएको छ । र अहिले चैं यो ऐन यो विधेयकको रूपमा यसै विधेयकमा प्रस्ताव गरिएको छ । यो ऐन समयसापेक्ष छ, समसामयिक छ, समसामयिक रूपमा परिमार्जन गरिएको छ, एकातर्फ भने अर्कोतर्फ प्रत्यायोजित विधायनहरूको प्रकाशन गर्ने, दर्ता गर्ने, अभिलेखीकरण गर्ने र एकीकृत पुस्तकको रूपमा चैं निकाल्ने र विद्युतीयप्रति website मा प्रकाशन गर्ने प्रावधानसमेत राखिएको हुनाले यो विधेयकलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय कृष्ण प्रसाद पौडेल ।

**(१५:०० बजे) <u>माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्षज्यू, संविधानको मर्म र भावनाअनुसार संघीयता कार्यान्वयनका लागि आवश्यक कानुनहरू समयमै बन्न नसक्दा सिर्जित समस्याहरूलाई मध्यनजर राखी विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ढिलै भए पनि आएको छ । यो सकारात्मक छ । यसलाई म स्वागत गर्न चाहन्छु । र यसका केही सकारात्मक पक्षहरूलाई बुदाँगत रूपमा राख्न चाहन्छु ।

- नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट, आर्थिक योजना र क्षेत्रगत नीति तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताद्वारा सिर्जित दायित्वसमेतका आधारमा प्रत्येक मन्त्रालयले चालु आर्थिक वर्षमा निर्माण गर्नुपर्ने विधेयक पहिचान गरी प्रत्येक वर्षको जेठ महिनाभित्र विधेयकको प्राथमिकताक्रम खुलाई कानुन मन्त्रालयमा पठाउनुपर्ने प्रावधानले सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा कानुनको अभावले प्रभावित नहुने देखिन्छ ।
- विधेयकमा सम्बन्धित सरोकारवालाहरूलाई सहभागी गराउने व्यवस्थाका अतरिक्त सर्वसाधारणलाई पनि विधेयक निर्माणका क्रममा सहभागी गराउन लिखित रूपमा राय दिन सकिने व्यवस्था भएबाट यस अघिका गुठी विधेयक, चिकित्सा शिक्षा विधेयक, शिक्षा विधेयकलाई लिएर भएका गुनासा आन्दोलन नहुने र विधेयकमा सबैको अपनत्व र स्वामित्व कायम हुने देखिन्छ ।

- सरकारले पहिलोपटक सरकारी विधेयक निर्माण गर्ने समय र विधिबारे कानुन निर्माण गर्न लागेको हुँदा कानुनमा quality र uniformity आउने देखिन्छ ।
- यो विधेयक कार्यान्वयनपश्चात् योजना कार्यान्वयनमा कानुनको अभाव देखाएर पन्छिने परम्पराको अन्त्य हुने सम्भावना पनि देखिन्छ ।
- ऐन कार्यान्वयनका लागि सरकारले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, आदि समयमै बनाउनुपर्ने बाध्यता यसले सिर्जना गर्न पनि सक्छ ।
- विधेयक तर्जुमा प्रक्रियालाई थप पारदर्शी र सहभागितामूलक बनाउन सहयोगी हुन्छ । यो more democratic पनि हुन्छ ।
- प्रस्तुत व्यवस्थाले संघीय संसदमा पेस हुने सरकारी विधेयक वार्षिक कार्यतालिकामा आधारित भई नियमित रूपमा संघीय संसदमा पेस हुने तथा संघीय संसदको विधायिकी कार्यलाई थप प्रभावकारी, व्यवस्थित र नतिजामुखी बनाउन पनि यसले सहयोग गर्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय देवेन्द्र दाहाल ।

(१५:०३ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, विधायनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक यो सदनमा प्रस्तुत भएको छ । सर्वप्रथम त म यसको लागि सरकारलाई धन्यवाद दिन चाहन्छु, कानुन मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । किनभने यो धेरै अगाडिदेखि नै ल्याउनका लागि भनेर माग भई आएको थियो । र धेरै विषयहरूमा यहाँ कानुन ल्याउनुपऱ्यो, कानुन ल्याउनुपऱ्यो भनेर माग आउँछ, आन्दोलन पनि हुन्छन् । तर यो चैं यति महत्त्वपूर्ण विधेयक हो कि यो विधेयकले अब कानुनी रिक्तताहरू जुन छन्, त्यसलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन मद्दत गर्छ भन्ने मलाई लाग्छ । त्यसैले गर्दा यसको स्वागत गर्न चाहन्छु ।

अब यो यसमा खास गरी अवधारणागत कुराहरूको बारेमा हामीले धेरै छलफल गऱ्यौं । अवधारणा आउनुपऱ्यो सबभन्दा पहिले, विधेयकको आवश्यकताको बारेमा भनेर यसबारेमा धेरैपटक छलफल पनि भयो, माग पनि भयो, कानुन मन्त्रालयका अधिकारीहरूसँग छलफल पनि भयो तर त्यो आइरहेको थिएन । अनि अर्को कुरो प्राथमिकता निर्धारण गर्नुपर्ने, कुन कुन कानुन बनाउने यो वर्ष? नीति तथा कार्यक्रम एकातिर छ, कानुन अर्कोतिर छ । अनि कसलाई के

लाग्छ, त्यसको आधारमा कानुन आउने जुन प्रचलन थियो, त्यसलाई यसले अन्त्य गर्ने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु । त्यसले गर्दाखेरि यो अवधारणाहरूको आधारमा कानुन आउने कुरा, यसको महत्त्वपूर्ण कुरा हो र अनि क्यालेन्डर बनाएर प्राथमिकता निर्धारण गर्ने कुरा अर्को महत्त्वपूर्ण कुरा हो । र केही विधेयकहरूमा अवधारणापत्र आउन पनि थालेको छ । तर त्यो औपचारिकतामा मात्र सीमित छ । र यो research oriented हुनुपर्छ, यो अध्ययनमा आधारित हुनुपर्छ, यो अवधारणा पनि । अवधारणा यसै मान्छेलाई के लाग्यो, कोठामा बसेर, सोचेर, यसो लेख्नेभन्दा पनि यो research oriented नै हुनुपर्छ । अवधारणा तयार गर्दाखेरि पनि त्यो हुनुपर्छ । म माननीय कानुन मन्त्रीज्यूलाई म अनुरोध गर्न चाहन्छु । अनि अवधारणाको बारेमा विधायन व्यवस्थापन समितिमा छलफल गरिनुपर्छ । त्यहाँ पनि छलफल गरिनुपर्छ, त्यो अवधारणाको बारेमा । यो पनि म भन्न चाहन्छु । यसमा सुझाव दिन चाहन्छु ।

अनि अर्को कुरो एउटा यो ऐन प्रारम्भ भएको मितिले एकतिसौं दिनदेखि, यो प्रमाणीकरण भएको मितिबाट एकतिसौं दिनदेखि लागु हुने छ भन्ने कुरालाई चैं त्यसको justification चैं यो कानुनले गर्नुपर्छ, यो विधेयकले गर्नुपर्छ । त्यसको justification के हो त? एकतिस दिन किन भनेको? भन्ने बारेमा चैं यसले यसमा लेख्नुपर्छ, यसले यसमा उल्लेख गर्नुपर्छ । मैले के भन्न खोजेको भने एकतिसौं दिन लागु भएका दिनमा चैं त्यसमा त्यसलाई आवश्यक पर्ने, त्यो कानुन लागु गर्नका लागि आवश्यक पर्ने नियमावलीहरू पनि सँगसँगै आउने कुरा यही विधेयकमा उल्लेख गर्नुपर्छ । म यो अनुरोध गर्न चाहन्छु ।

अर्को कुरो सम्माननीय अध्यक्ष महोदय, यो पुरानो कानुन संशोधन गर्न बनेको विधेयकसम्बन्धी कुराहरूमा एउटा प्रचलन छ । केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक भनेर आउँछ र एकै चोटि ८०/९० वटा, ८४ कि कतिवटा, ८४ जस्तो लाग्छ, एउटा त्यो आएको छ । ८१ वटा होला, त्यो जे होस् ८० भन्दा बढी कानुनहरू चैं एउटैमा आएको छ । त्यो गर्न पाइँदैन । हास्स हुस्समा यसरी चैं कानुन ल्याएर पास गर्न पाइँदैन । र त्यसलाई पनि क्रम छुट्याएर ल्याउनुपर्छ । र त्यसको पनि प्राथमिकता निर्धारण गर्नुपर्छ, कार्यतालिका बनाएर आउनुपर्छ ।

अर्को कुरो यो कानुन मापन कार्यान्वयनसम्बन्धी जुन कुरा छ, हामीलाई दिएको अधिकार हो यो, विधायन व्यवस्थापन समितिलाई दिएको अधिकार हो । यसमा उल्लेख भएर आ'को छ कि कानुन मन्त्रालयले यो गर्ने भनेर यो कुरा हटाउनुपर्छ र हामी संशोधनमा पनि हाल्ने छौं । वास्तवमा दुईटा कार्यक्षेत्र भनेर राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिलाई तोकिएकोमध्ये दोस्रो ऐन कार्यान्वयन मापन तथा अध्ययन अनुसन्धान भनेर राष्ट्रिय सभाको विधायन व्यवस्थापन

समितिलाई दिएको अधिकार पनि यहाँ चैं कानुन मन्त्रालयको छ । त्यो कुरालाई चैं फिर्ता गरेर त्यही विधायन व्यवस्थापन समितिले नै यो काम गर्नुपर्छ । हवस् त, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सुरेश कुमार आलेमगर ।

(१५:०८ बजे) <u>**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयक विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पहिले यही राष्ट्रिय सभाबाट उत्पत्ति भएको रहेछ, हामी आउनुभन्दा अगाडि । यस अर्थमा यो विधेयकको अपनत्व लिँदै हामी अगाडि बढिरहेका छौं र आज जुन यो विधेयक यहाँ प्रस्तुत भयो । यो चाहिँ स्वागतयोग्य छ । र विभिन्न विधेयकहरू हुन्छन् । ऐन, कानुनहरू बन्छन् । यसका प्रक्रियाहरू हुन्छन् । त्योबारेमा uniformity नभएको अवस्था, कुन विधेयक कता हो? कुन विधेयक कता हो? कुन विधेयक कहिले आउनुपर्ने हो? कुन ऐन, कानुन कहिले बन्नुपर्ने हो? आदि इत्यादि भद्रगोल भएको अवस्था भने कुनै कुनै विधेयक चाहिँ नबनेको, कुनै कुनै ऐन कानुन नबनेर अप्ठ्यारो भइरहेको अवस्था, यो सबै सबै चिर्नका लागि पनि यो विधेयकले सहज गर्छ होला, सजिलो बनाउँछ होला भन्ने लाग्या छ । त्यसैले यो विधेयकको महत्त्व यस अर्थमा छ र कतिपय कुरा यसमा चाहिँ फेरि हामीलाई पनि, हामीलाई पनि अलिकति अस्वाभाविक लाग्ने खालका चाहिँ छन् । जस्तोः अब यो संसदको अधिकारलाई चाहिँ कटौती गर्ने किसिमबाट यो विधेयकमा केही प्रावधानहरू रहेका छन् भन्ने देखिन्छ । त्यो कुराहरूमा हुनत यद्यपि यसले थुप्रै प्रक्रिया पार गर्नुपर्ने छ । थुप्रै चरणहरू अझै पनि छन् । यो विधायन व्यवस्थापन समितिमा यो आउला । प्रतिनिधि सभामा पनि यो छलफल होला । यसमा चाहिँ संशोधन प्रस्तुत गर्नुपर्ने छ नै तथापि यति नै बेला सुरुमा नै त्यस्ता कुरा नआइदिएको भए हुन्थ्यो भन्ने हामीलाई चाहिँ लागेको छ । त्यसैले मुख्य कुरा चाहिँ के छ भन्दाखेरि कुनै पनि ऐन, कानुन अथवा विधेयक, ऐन, कानुन निर्माण गरेर मात्र हुँदैन । मुख्य कुरा इमानदारीको हो । मुख्य कुरा कार्यान्वयनको हो । र मुख्य कुरा इमानदारीको हो । इमानदारीपूर्वक कार्यान्वयन हुन्छ कि हुँदैन । पहिले कुरो त विधेयक बन्छ कि बन्दैन । ऐन, कानुन बन्छ कि बन्दैन भन्ने कुरा हुन्छ । त्यो बनिसकेपछि त्यो चाहिँ इमानदारीपूर्वक कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरा हुन्छ । र इमानदारीपूर्वक कार्यान्वयनको कुरा चाहिँ त्यो पछिको कुरा हुन्छ । यति बेला चाहिँ ऐन, कानुन निर्माणको कुरा हुन्छ । र त्यसैले हामी यो चरणमा यति बेला छौं र यति बेला यो जुन विधेयक यहाँ प्रस्तुत भएको छ । यो विधेयकको बारेमा सधैं छलफल गर्नुपर्दा चाहिँ यिनै

यिनै कुराहरू चाहिँ राख्दा हुन्छ भन्ने लाग्छ । तथापि यसमा जुन कुराहरू छन् । हामी फेरि दफावार छलफलमा जाँदाखेरि पनि चर्चा गर्ने छौं । अहिलेलाई भने यो विधायन तर्जुमा प्रकाशन र प्रत्यायोजित विधायनमा एकरूपता कायम गर्ने सम्बन्धमा आवश्यक कानुन व्यवस्था गर्न वाञ्छनीय भएकोले भन्ने किसिमबाट जुन आएको छ । यसले मोटामोटी समग्र पाटोलाई समेट्छ भन्ने लाग्या छ । तैपनि यसमा चाहिँ कतिपय कमीकमजोरीहरू जो छन् । ती पछि हामी चाहिँ त्यसलाई पूरा गर्दै जाने छौं । सबैको सहयोगले यसमा विज्ञहरूको पनि क्यारे सहभागिता हुने कुरा त्यसै गरी सरोकारवाला विशेष गरेर सरोकारवालाहरू, सरोकारवालाहरूको पनि के छ भन्दाखेरि सहभागिता हुने, राय सुझाव लिने भन्ने कुरा राखिया छ । यो कुराहरू पनि त्यहाँ भएको हुनाले अन्तिममा जाँदाखेरि यो विधेयकले पूर्णता पाउला र हामीले सोचेजस्तो राष्ट्रिय सभाका पूर्वमाननीयज्यूहरूले पहिले नै अपेक्षा गरेर सोचेर जुन जसरी प्रस्ताव गर्नुभएको थियो । त्यसरी यो जाला भन्ने लाग्छ । यिनै कुरा राख्दै मेरो भनाइलाई यही विट मार्न चाहेँ धन्यवाद । अभिवादन ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे ।

(१५:११ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो विधायन व्यवस्थापनको लागि केही व्यवस्थाहरू गर्न जरुरी छ । र विगतमा आइराखेका विधेयकहरू त्यति विधि सङ्गत भइराखेका छैनन् भन्ने कुराहरू विधायन समितिमा लामो समयदेखि उठ्यो र तीअनुसार छलफल पनि भयो र विधायन समितिले सुझावपत्र पनि कानुन मन्त्रालयलाई पठायो । र यहाँ प्रत्यायोजित व्यवस्थापन समितिको कुरा उल्लेखै भएर आ'को छ । विधायन समितिमा पनि त्यही ढङ्गले हामीले पत्राचारै गरेर कानुन मन्त्रालयले यसमा जवाफ पठाएको थियो । र दिगो विकास तथा सुशासन समितिले पनि पत्राचार गरेको, निर्देशन गरेको हामीले देखेका छौं र सरोकार समितिमा पनि यो विषय उठिराखेको भ'को हुनाले राष्ट्रिय सभाका चारैओटा समितिले यसरी यसलाई विधायन तर्जुमा गर्दाखेरि सुरुदेखि नै छलफल होस्, सहभागिता होस्, आर्थिक टिप्पणी होस्, सैद्धान्तिक टिप्पणी त्यही उल्लेख गरेरै आओस् भन्ने कुराहरू पटक पटक उठाइराखेको थियो । र प्रत्यायोजित अधिकारहरू धेरै हुने, विधेयकभन्दा ठुलो प्रत्यायोजित कानुनहरू बन्ने र तीअनुरूप देश चलिराखेकोजस्तो कानुन लागु भइराखेको जस्ता जुन समस्याहरू देखापरेको थियो । त्यसले गर्दाखेरि यो विधेयकको जरुरी थियो । आवश्यकता थियो । र त्यो सबै समितिहरूले पनि पटक

पटक आफ्ना सुझाव, निर्देशन र निर्णयहरू पठाउनुभएको थियो । यसैअनुरूप यो विधेयक आएको छ र यसमा सबैको संलग्नता छ । हामी राष्ट्रिय सभाको लगभग सबैको सहमति छ । र यहाँ यी नियमहरू, यी विनियमहरू चाहिँ प्रत्यायोजित व्यवस्था गर्न नपाउने भनेर बाह्रओटा बुँदामा त्यसको व्यवस्था गरिएको छ । हामी छलफल गर्ने छौं । र यो सैद्धान्तिक छलफल भ'को हुनाले यसमा सबै कुराहरू राख्न सकिने कुरा पनि भएन । चेकलिस्ट बनाउन पर्ने सैद्धान्तिक टिप्पणीहरू, व्याख्यात्मक टिप्पणीहरू, प्रत्यायोजित व्यवस्थासम्बन्धी टिप्पणी र आर्थिक टिप्पणीहरू पनि यसै व्यवस्था गरेर आउनुपर्ने भन्ने कुराहरू हामीले निर्देशन गरेका थियौं । र त्यसरी नै वहाँहरूले पनि जवाफ पठाउनुभएको थियो । त्यसो हुँदाखेरि यसलाई अझ परिमार्जित गरेर राम्रो बनाउने छौं । र अबका कानुनहरू यसैअनुरूप अगाडि बढ्ने छन् र विधेयक तर्जुमा गर्दाखेरि छलफल गर्दाखेरि हामीलाई एउटा सहजता हुने छ भन्ने कुराहरू म राख्न चाहन्छु ।

अर्को कुरा के हो भने हामीले कसरी बनेका छन् प्रदेशहरूमा कानुनहरू, कसरी बनाइएको छ स्थानीय तहमा कानुनहरू, कसरी बनाइएको छ भनेर स्थलगत अनुगमनहरू गरेका छौं । यसो गर्दाखेरि केही समस्याहरू भ'का छन् । त्यसो गर्दा यसले एउटा सिस्टममा तीनैओटा विधेयक निर्माणका तहहरूलाई एउटा सुसूचित गर्ने छ । सिस्टममा लैजाने छ । सहजता हुने छ भन्ने कुराहरू म राख्न चाहन्छु । र यसमा भएका समस्याहरूको बारेमा छलफल गर्ने छौं र परिमार्जित गरेर अझ यसलाई व्यवस्थित र राम्रो बनाउने छौं भन्ने कुराहरू राख्दै मेरो आफ्नो भनाइ यहीँ अन्त्य गर्छु । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल ।

**(१५:१५ बजे)** **<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामीले usually भन्ने गरेको चाहिँ नेपालमा कानुन प्रशस्तै छन् । कानुन त राम्रा पनि छन् कार्यान्वयनै समस्या हो भनेर भन्ने गऱ्या हो । तर राष्ट्रिय सभामा आएर काम गर्दाखेरि थाहा भयो । हाम्रो कानुन बन्ने प्रक्रियामा पनि समस्या छ । अनि कानुन बन्ने प्रक्रियामा समस्या भइसकेपछि बनेका कानुनमा समस्या हुने भए । कानुनमा समस्या भइसकेपछि कार्यान्वयनमा समस्या हुनु त भइहाल्यो । यो अनुभव गर्ने क्रममा हामीले त अनुभव गऱ्यौं नै । नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठानले एउटा अध्ययन गऱ्यो । त्यो अध्ययनले के भन्छ भने नेपालमा नीतिअनुसार कानुन बन्दैन । कानुनअनुसार नियमावली बन्दैन । नियमावलीअनुसार कार्यान्वयन हुँदैन । त्यो भएर यो टुटेको zigzag, यो टुटेको धागो चाहिँ नीति अनुसन्धान

प्रतिष्ठानको एउटा अध्ययनले देखाको छ । त्यो सँगसँगै हामीले भोग्यौं हामीले देख्यौं । हामीले सुन्यौं । सरोकारवालाहरूसँग छलफल नगरिकन कानुन बन्छ । जसले गर्दाखेरि त्यो कानुनको अपनत्व पनि हुँदैन । कार्यान्वयन पनि हुँदैन । अनि धेरै सरोकारवालाहरू जब राष्ट्रिय सभाको समितिमा हामी जान्छौं छलफल गर्नको लागि कानुनको त्यति बेला आएर आफ्ना गुनासाहरू, आफ्ना प्राथमिकताहरू राख्नुहुन्छ । जति बेला झण्डै ढिला भइसकेको हुन्छ । योजनाविना विधेयक आउँछन् । जसले गर्दाखेरि चाहिँ हामीलाई कहिलेकाहीं बिजनेस नभएर हाम्रो बैठक बस्न पाउँदैन । कहिलेकाहीं यति धेरै विधेयकहरू एकैचोटि आउँछन् । अनि हामीले छलफलै नगरिकन पास गर्ने अवस्था पनि आउँछ । यस्तो पनि हामीले भोग्यौं । र त्यो सँगसँगै हामीले धेरै कुराहरू सारभूत कुराहरू विधेयकमा नआउने, प्रत्यायोजन गरिने र प्रत्यायोजन गरेको कुराहरू सरकारको मुडअनुसार फरक हुने र त्यसपछि जनताले धेरैपछि थाहा पाउने, परिवर्तन भइरहने यस्ता खालको समस्याहरू पनि हामीले देख्यौं र यस्ता समस्याहरूलाई समाधान गर्नुपर्छ । विधेयक बनाउने जुन प्रक्रिया छ । त्यो प्रक्रियामै परिवर्तन गर्नुपर्छ भन्ने छलफल विभिन्न चरणमा भएको हो र त्यहीअनुसार हाम्रो प्रत्यायोजन विधेयकसम्बन्धी हाम्रो समितिले यो प्रस्ताव चाहिँ यो सुझावसहित नेपाल सरकारलाई पठाएको नेपाल सरकारले त्यसलाई अम्बल गरेर यो विधेयक यहाँ हामीसँग आएको छ । यसमा एकदमै धेरै म सैद्धान्तिक रूपमा समर्थन जनाउँछु र नेपाल सरकारलाई यसमा धन्यवाद पनि दिन चाहन्छु । यसमा कानुन प्रक्रियामा अहिले विद्यमान थुप्रै चुनौतीहरूको सम्बोधन गर्ने क्रममा मुख्य गरिकन ३/४ ओटा कुराहरूमा चाहिँ मलाई ध्यान दिन मन लागेको छ ।

एउटा भनेको कानुन निर्माण प्रक्रियामै सरोकार र विज्ञहरूसँग छलफल गरिनुपर्छ । र छलफल गरेर आइसके भने वहाँहरूको गुनासो, वहाँहरूको प्राथमिकताको सम्बोधन हुन्छ जसले गर्दा कानुनको अपनत्व पनि बढ्छ र प्रभावकारी रूपमा कार्यान्वयन पनि हुन्छ । प्रदेशसँग सम्बन्धित विषयहरूमा प्रदेशमा विभिन्न निकायहरूमा छलफल हुनुपर्छ । त्यो छलफल नगरिकन आएको कानुन अहिलेको संघीयताको मर्मलाई नबोक्ने खालको हुन्छ । जसले गर्दाखेरि कार्यान्वयनमा फेरि पनि समस्या हुन्छ । प्रत्यायोजित अधिकार सकेसम्म minimum राख्न पर्छ । सारभूत कुराहरूमा संसदले आफैं निर्णय गर्नुपर्छ । र कानुनको क्यालेन्डर बनाउनुपर्छ अनिवार्य रूपमा । यो वर्षमा हामी यो यो विषयमा कानुन बनाउछौं भनेर जसले गर्दाखेरि हामी सांसदको काम पनि प्रभावकारी हुन्छ । किनभने हामीले पनि त्योअनुसार योजना बनाउन सक्छौं । त्यो भनेर यी कुराहरू यो मस्यौदामा परेका छन् । जुन अति नै महत्त्वपूर्ण छन् । अब मलाई एउटै कुरा के भन्न मन लागेको छ भने जसले यहाँ दर्ता गर्नुहुन्छ । राष्ट्रिय सभा र प्रतिनिधि सभामा

यो दर्ता गर्ने क्रममा एउटा चेकलिस्टै बनाएर आउनुपऱ्यो कि यो यो विषयहरू यसमा गरिएको छ भनेर चेकलिस्ट बनाएर आएर चेकलिस्टको आधारमा मात्रै दर्ता गर्ने प्रक्रिया हामीले गऱ्यौं भनेदेखि त्यसमा चाहिँ यसको पनि कार्यान्वयन किनभने फेरि पनि कानुन बन्ने कार्यान्वयन नहुने हाम्रो अहिलेको परिपाटीमा यसको पनि कार्यान्वयनमा हामीलाई मद्दत पुग्छ । र त्यसपछि सांसदको काम नै प्रभावकारी हुन्छ । त्यसले गर्दा यो हाम्रो काम प्रभावकारी बनाउनको लागि आएको विधेयक हो । यसमा हामी छलफल गर्छौं र यसलाई चाहिँ सक्दो छिटो पारित गर्छौं भनेर सरकारलाई हामीले भन्न पनि चाहन्छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१५:१९ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, प्रस्तुत विधायन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० राष्ट्रिय सभामा प्रस्तुत भ'को छ । म स्वागत गर्न चाहन्छु । कानुन बनाउने थलो संसद लामो समय बिजनेस नपाएर, विधेयक नभएर बस्नुपरेको परिस्थितिमा विधायन व्यवस्थापनकै सन्दर्भमा यो विधेयक आ'को छ । यो हामी सबैलाई थाहा छ । कानुन चाहिँ कार्यान्वयनको लागि हो तर हामीले बनाको कानुन कार्यान्वयनमा धेरै समस्याहरू पनि जेल्दै आएका छौं । र कानुन चाहिँ सरोकार पक्षहरूको सहभागिता नहुने र सरकारले प्रस्तुत गर्ने, प्रस्तुत गरेपछि सकेसम्म संशोधन कम गर्न परे हुन्थ्यो, संशोधन गर्न नपरे हुन्थ्यो भन्ने धारणा सरकारको हुने, यसले गर्दा पनि कानुन कार्यान्वयनमा समस्याहरू देखिरहँदा र सारवान् विषयमा राख्नुपर्ने कुराहरू प्रत्यायोजितमा जाने कारणले गर्दा पनि समस्याहरू थियो । यो विधेयक आइरहँदा मलाई लाग्छ, धेरै कुरा यसले व्यवस्थापन गर्छ । हामीले चाहिँ कानुनको प्राथमिकीकरण अहिले विषयहरू उठिरा'को छ । हामी सरोकारवाला पक्षहरू कानुन निर्माणमा सबभन्दा सुरुमै मस्यौदा विधेयकमै जब मन्त्रालयमा छलफल हुन्छ । त्यति बेला नै कसका लागि कानुन बनाउने हो? त्यो पक्षसँग छलफल गर्ने हो भने पछि समस्याहरू आउँदैन । अहिले जति पनि विधेयकमा समस्याहरू आ'छ । चाहे शिक्षा विधेयक होस्, चाहे निजामतीसम्बन्धी विधेयक होस्, यो सबै चाहिँ सरकारले सुरुमै विधेयक उत्पत्ति हुँदा नै सरकारले नै मस्यौदामै छलफल नगर्ने कुराहरू अर्को चाहिँ विज्ञहरूसँगको छलफलका कुराहरू, सरोकारवालाहरूसँग छलफलको कुराहरू, यो जति हामी व्यवस्थित गर्छौं त्यति हामी समृद्ध कानुन बनाउन सक्छौं । यो विधेयक मलाई लाग्छ । हामीले अलिक चाँडै धेरै अगाडि ल्याउन सकेको भए, यसमा यो

विधिमा रहेर हामीले धेरै राम्रो कानुनहरू बनाउन सक्थ्यौं । र कार्यान्वयनमा पनि जान सक्थ्यो । ..... ढिलै भए पनि यो आ'को छ म स्वागत गर्न चाहन्छु । यसमा चाहिँ धेरै राम्रो कुरा सैद्धान्तिक रूपले राम्रा पनि छन् । एउटा चाहिँ विधायन व्यवस्थापनको कुराहरू छ भने अर्को प्रत्यायोजित व्यवस्थापन कति कुरा हामी चाहिँ धेरै कुराहरू हामीले ऐनमा व्यवस्थापन नगर्दाखेरि प्रत्यायोजित गर्दा फेरि आज संसदले बनाको ऐनको विपरीत नियमावलीहरू बन्ने त्यसले गर्दा चाहिँ कानुन कार्यान्वयनमा समस्याहरू भइरा'को छ । तर त्यो व्यवस्थित पनि छैन । संसदले बनाको कानुन चाहिँ आम नागरिकको लागि जानकारीमा हुन्छ भने प्रत्यायोजित विधायनहरू चाहिँ आम रूपमा जानकारी हुँदैन । नागरिकलाई सूचना पनि प्रसारण हुँदैन । यसले गर्दा पनि कार्यान्वयनमा चाहिँ समस्याहरू देखिरहेको परिस्थितिमा यसले चाहिँ विधायन र प्रत्यायोजितको सन्दर्भमा पनि व्यवस्थित गरेको छ । अझ मलाई व्यक्तिगत रूपमा लागेको त विधायन व्यवस्थापनको छुट्टै र प्रत्यायोजित अधिकार व्यवस्थापनको छुट्टै गरेको भए पनि अझ यसलाई स्पष्टता आउथ्यो तर दुइटैलाई जोडेर आ'को छ । केही छैन । यसलाई जोडेर आउँदा पनि विधायन व्यवस्थापन यसका प्राथमिकताका कुराहरू कानुन चाहिँ आवश्यकता र औचित्यका कुराहरू अहिले यहाँ विषय उठिसकेको छ । कानुन चाहिँ haphazard आउने, कसैलाई मन लाग्यो त्यसरी आउने अवस्थालाई अन्त्य गर्नको लागि पनि एउटा क्यालेन्डर सिस्टममा आवश्यकता र औचित्यमा अझै कानुन निर्माण चाहिँ अनुसन्धानमा आधारित भएर अहिले चाहिँ हाम्रा कानुनहरू चाहिँ धेरै पुराना कानुनहरू पनि छन् र हामी कानुन संशोधनमा गइरहँदाखेरि त्यसको आवश्यकता औचित्य पुष्टि गर्न नसक्ने हामी चाहिँ एउटा अनुसन्धानात्मक भएर यो विद्यमान रहेका कानुन यो कारणले संशोधन गर्न पर्‍यो अथवा यो विषयमा न्याय, कानुन निर्माण गर्दाखेरि चाहिँ हामी अनुसन्धानमा आधारित नभइरहेको अवस्था पनि छ । यसले सरकारले कम्तीमा पनि हामीले निर्माण गर्ने कानुनहरू चाहिँ अध्ययन, अनुसन्धानमा आधारित हुनुपर्‍यो र हामीले निर्माण गरेका कानुनहरू कानुनअनुसार चाहिँ बन्ने नियमावलीहरू, कार्यविधिहरू चाहिँ व्यवस्थित हुनुपर्‍यो । रेकर्ड हुनुपर्‍यो र यो आमनागरिकको लागि जानकारीमा जानु पनि परिस्थिति एकदम खड्किरहेको परिस्थितिमा यी कुराहरूलाई समेटेर चाहिँ विधेयक आ'को छ । यो सैद्धान्तिक रूपले चाहिँ म स्वागत गर्न चाहन्छु । दफावार छलफलमा जाँदा अझै धेरै कुराहरू यहाँ संशोधन गर्नुपर्ने प्रावधानहरू हामीले देखेका छौं । यो संशोधनमा चाहिँ यी कुराहरू समावेश गरेर यसलाई समृद्ध बनाउने सवालमा मन्त्रीज्यू माननीय मन्त्रीज्यूले ध्यान दिनुहुने छ र यसलाई समृद्ध बनाउनको लागि एकदम धेरै व्यापक छलफल हुने छ र साँच्चै हामीले संविधान अनुकूल बनाउनुपर्ने कानुन अथवा आवश्यकता र औचित्यपूर्ण कानुन बनाउने कुरा, कानुन कार्यान्वयन गर्ने कुरा र सारवान् जति पनि विषय छन् । सारवान् विषयहरू ऐनमा व्यवस्थित

गर्नुपर्ने कुरा र कार्यविधिलाई व्यवस्थित गर्ने कुरा र कार्यान्वयनमा जाने कुरालाई ध्यान दिनुपर्छ भन्दै आफ्नो भनाइ राख्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा ।

(१५:२३ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी विधेयकसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षमा छलफल गर्न गइराखेका छौं । यो विधेयकलाई म स्वागत गर्न चाहन्छु । यो विधेयक हाम्रो प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको मिति २०८०/०६/०६ गतेमा बसेको बैठकको निर्णयको विधेयक मस्यौदा उपर छलफल गरी अगाडि बढाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सुझाव दिइएको थियो । आज त्यही विधेयक राष्ट्रिय सभामा छलफलका लागि पेस गर्नुभएकोमा मन्त्रीज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

अध्यक्ष महोदय, पहिलो कुरा संघीय संसदमा विधेयक कति आए, कति आउन बाँकी छन्, कति संसदमा पारित भए । ऐनको रूपमा लागु भयो भन्ने कुरा क्यालेन्डर बनाउन अवसर प्राप्त हुने कुरा देखिन्छ । प्रत्यायोजित, प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रत्यायोजित विधायन अध्ययन विधायनको व्यवस्था हुने छुट्टाछुट्टै समितिहरू छन् । राष्ट्रिय सभाको नियमावली, ०७५ को नियम १५३ को (क) मा प्रत्यायोजित व्यवस्थापनका विषयमा १० ओटा बुँदामा उल्लेखित गरेरअनुसार कानुन बने नबनेको स्पष्ट हुने कुरा यसले झल्काउँछ । संघीय संसदबाट निर्माण हुने कानुनहरूलाई गुणस्तरीय बनाई कानुन निर्माणमा एकरूपता कायम गर्न, जारी भएका ऐनहरूको व्यवस्थित अभिलेख राख्न, प्रत्यायोजित विधायनको निश्चित मापदण्ड तोक्न, ऐनबाट प्रत्यायोजित अधिकार प्रयोग गरी नेपाल सरकार र अन्य निकायहरूले मूल ऐनको उद्देश्य अनुरूप भए नभएको विधेयकको जाँच गर्न, व्यवस्थित अभिलेख राख्न यो विधेयकको महत्त्वपूर्ण भूमिका रहने छ । संसद र ऐन कार्यान्वयन गर्न आवश्यक अन्य कानुनी दस्तावेजहरू, नियमावली विनियमावलीहरू, कार्यविधि आदेशहरू, कार्यकारी आदेश, गठन आदेश, निर्देशिका, कानुनबमोजिमको अख्तियारी प्रयोग गरिएको सूचना, कार्यविधि, मापदण्ड पनि रहेका छन् । यी सबै व्यवस्थित गर्न र प्रत्यायोजित अधिकार सही ढङ्गले प्रयोग गर्न यो विधेयकले निकै महत्त्व राख्ने देखिन्छ ।

यो विधेयकको, विधेयकले नेपालको संविधान, २०७२ मा ३०८ धारा छन् र २२१ ठाउँमा कानुनबमोजिम भन्ने उल्लेख छ भने कानुनबमोजिम भन्ने ३६ ठाउँमा छ र संघीय

कानुनबमोजिम भन्ने ११९ ठाउँमा छ । यी सबै काम हामी विधेयकहरूले पूरा गर्नुपर्ने देखिन्छ । त्यसैले यस विधेयकले नेपाल सरकार, कानुन तथा संसदीय मामिला मन्त्रालयले यी विधेयकहरू कानुन बनाउनको निमित्त ल्याउनका निमित्त विशेष पहल गर्ने छ । यसैले यो विधेयक विशेष गरेर हाम्रो दुई ओटा विषयहरू फरक फरक बनाउँदा पनि ठिकै हुन्थ्यो तर पनि के देखिन्छ भने विधायनको व्यवस्थापन गर्न र प्रत्यायोजित अधिकारहरूलाई पनि व्यवस्थित गर्न, व्यवस्थापन गर्नका निमित्त जसरी आएको छ । यसले यहाँ भएका कानुनहरूको व्यवस्थापन गर्नमा अतिमहत्त्व राख्ने छ । फेरी पनि यो विधेयकका निमित्त विशेष पहल गर्नुहुने तत्कालीन सभापतिज्यूलगायतका तत्कालीन समितिका सदस्यज्यूहरू र अहिले तत्कालका हिसाबले हामीले यो विधेयकका निमित्त छलफलको लागि मन्त्रीज्यूलाई पत्र पनि पठाएका थियौं । त्यो त्यसै दिनमा अब एउटा दुर्घटना भयो नेपालका निमित्त, हाम्रो संविधानसभाका अध्यक्ष प्रतिनिधि सभाका सदस्य माननीय सुवास नेम्वाङ्गको देहवासन भयो । त्यसकारणले त्यो हामीले स्थगित गरेका थियौं । पत्रकै आधारमा बुझेर छिटोभन्दा छिटो ल्याइदिनुभएकोमा म फेरी पनि मन्त्रीज्यूलाई हार्दिक बधाई दिँदै धन्यवाद दिँदै मेरा शब्द यहीं टुङ्ग्याउछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय विना पोखरेल ।

(१५:२८ बजे) **माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- यो नेपालमा पहिलो पटक बनेको यो विधायन सम्बन्ध व्यवस्थापन गर्ने विधेयक बनेको विधेयकको सैद्धान्तिक छलफलमा हामी छौं । सर्वप्रथम त ढिलै भएपनि यो विधेयक संसदमा दर्ता हुन आएको छ । यसको लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु । विधायनसम्बन्धी कार्यलाई व्यवस्थित बनाउने कानुनका अभाव पहिलेदेखि नै खड्किरहेको थियो । अब यो विधेयकले कानुन निर्माण कार्यलाई व्यवस्थित बनाउने छ भन्ने अपेक्षा रहेको छ । अलिकति म यस सन्दर्भमा म यस सभामा दर्ता भएको विधेयकमाथि सैद्धान्तिक रूपमा केही विषयवस्तु राख्न अनुमति चाहन्छु ।

विधेयकको दफा १ उपदफा (२) मा यो ऐन प्रमाणीकरण भएको मितिले ३० दिनदेखि प्रारम्भ हुनेछ भनिएको छ । यो राम्रो पक्ष हो, तथापि मेरो जिज्ञासा के हो भने दफा ४ को उपदफा (१) मा सम्बन्धित मन्त्रालयले विधेयकको अवधारणामा पत्र तयार गर्दा नेपाल सरकारले निर्धारण गरेबमोजिमका विवरण समावेश गरी विधेयक तर्जुको अवधारणा पत्र तयार गर्नुपर्ने छ भनिएको छ । यो अलि मिलेन कि? यही विधेयकमा के कस्ता विवरण समावेश

गर्नुपर्ने हो खुलाउनुपर्ने हो कि? अथवा नेपाल सरकारले नियमावलीमा यी विषय समेट्छ या कसरी यसलाई मूर्तता दिन सकिन्छ? त्यतातिर सोच्ने हो कि?

विधेयकको दफा २ (ज) मा norms भन्ने शब्द प्रयोग भएको छ । यसलाई हटाउन पर्छ कि? Norms को नेपाली अनुवाद मापदण्ड हुन्छ । जुन अगाडि नै आइसकेको छ । नेपालीमा उल्था गर्न सकिने शब्दहरूलाई नेपालीमै राख्ने र नेपाली शब्दमा नभएमा र बुझ्न बुझाउन नसकिनेजस्तो भएमा मात्रै अन्य भाषाको प्रयोग गर्दा उपयुक्त हुन्छ । सामान्यतः यही मान्यता राखेर शब्दको प्रयोग गर्नुपर्छ भन्ने मेरो धारण रहेको छ ।

दफा ६ मा सरोकारवाला सहभागी गराउनुपर्ने विषय राखिएको छ । जसले जुन व्यक्ति वा समूहको हित संरक्षण र नियन्त्रणका लागि कानुन बनाइन लगाइएको हो, तिनीहरूलाई नै कानुन निर्माणको चरणमा समावेश गराइँदा भोली कार्यान्वयनमा आउन सक्ने समस्याहरू बारेमा अग्रिम सूचना पाउन सक्ने पक्ष एकतिर रहन्छ भने अर्कोतिर सरोकारवालाहरूलाई पनि आफ्नै उपस्थितिमा बनाइएको कानुनप्रति अपनत्त्व बढ्छ र कानुन कार्यान्वयनमा सहजता उत्पन्न हुन्छ ।

विधेयकको दफा २१ मा तर्जुमा सहमति लिने विषय समावेश गरिएको छ । उक्त दफाको उपदफा (१)(ग) मा गठन आदेश र १ (घ) मा गठन आदेशअन्तर्गतका विकास समितिले बनाएको नियम भन्ने व्यवस्था गरिएको छ, अलिकति मैले आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यको बुँदा नम्बर ३६० स्मरण गर्न चाहे । सरकारी निकायहरूबाट सम्पादन हुने कार्यहरूमा रहेको दोहोरोपन हटाउन र क्षेत्राधिकारको अन्योल अन्त्य गर्न विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समिति र प्रतिष्ठान खारेज गरिनेछ । तीनै तहको स्थानीय संरचनाबाट सम्पादन हुने नियमित कार्यका लागि नयाँ संरचना खडा गरिने छैन भनिएको छ । कतै यो दफा भविष्यमा सरकारको विकास समिति खारेज गर्दै जाने नीति विरूद्ध प्रयोग हुने हो कि? भन्ने मेरो प्रश्न हो । कानुनको अनभिज्ञता क्षम्य हुँदैन, कानुन मैले जानेको छैन भनेर कोही पनि उम्कँदैन तसर्थ प्रत्यायोजित विधायनको दर्ता कानुन मन्त्रालयले गर्ने र नेपाल राजपत्रमा प्रकाशनको लागि पठाउने व्यवस्था जायज छ तर विधेयकको दफा २४ को उपदफा (६) मा कानुन मन्त्रालयले प्रत्यायोजित विधायनको दर्ता कार्य विद्युतीय माध्यमबाट समेत गर्ने व्यवस्था मिलाउन सक्ने छ भनिएकोमा नेपाल राजपत्रमा कस्ता खालका प्रत्यायोजित विधायन प्रकाशित हुने हुन् र सोबाहेकका प्रत्यायोजित विधायनको विद्युतीयप्रति कानुन मन्त्रालयले अनिवार्य रूपमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

विधेयकको दफा २७ मा रहेको कानुनी मान्यता नअपनाउने, यस ऐनबमोजिम प्रकाशन नगरेको कुरा प्रत्यायोजित विधायनले प्रकाशन नभएसम्म कानुनी मान्यता पाउनेछैन र त्यसले विधायन ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय गोपाल प्रसाद भट्टराई । माननीय गोपाल भट्टराई ।

**(१५:३३ बजे)** **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः-सम्माननीय अध्यक्षज्यू, यो विधेयक लामो समयदेखि हामी छलफल चलाएका थियौं । त्यो छलफल आज मूर्त रूपमा आएको छ । यसको छलफलको सँगसँगै हामीले प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समितिले सुरू गरेको छलफललाई विधायन समितिले पनि आफ्नै किसिमले सुरू गऱ्या थियो र त्यो छलफलमा एकरूपता ल्याएर हामीले खास गरेर प्रत्यायोजित समितिले एउटा ड्राफ्ट नै बनाएर प्रस्तुत गऱ्याथ्यो । त्यो ड्राफ्टलाई आधार मानेर यो आएको हुनाले हामीले, हाम्रो समितिले गरेको कामको एउटा पाटो सम्पन्न भा'को छ भन्ने मलाई लागेको छ । यसको लागि माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु ।

खास गरेर यो कानुनमा अहिले देखेका समस्याहरू भनेको एउटा कानुन बन्या छ, कानुन एउटा सैद्धान्तिक जस्तो, त्यसबाट सृजित अरू नियम, नियमावली आदेश, गठन आदेश आदि, इत्यादि यिनीहरू चाहिँ मूल कानुन जस्तो भएर आएको अवस्था अहिलेको अवस्था हो । हामी विभिन्न चरणमा यसका अनुगमन गर्ने क्रममा हामीले गठन आदेशलाई आधार मानेर पनि नियमावलीहरू, कानुनहरू बनेका, नियमावली, विनियमहरू बनेका भेटाइयो । त्यसो भएर यसरी एकदम बेलगाम कानुनलाई प्रयोग गरेको अवस्था, अहिलेको अवस्था हो । यो अवस्थालाई हामीले भेटाएका करिब दुई/ढाइ सय कति भेटिएका छन् । त्यो भन्दा कति एउटा चाहिँ त्यो सञ्जालै छ एउटा । अहिले हेर्दाखेरि हामीले त्यो सञ्जाललाई तोड्नका निम्ति पनि यो गलत तरिकाले नियमावलीहरू, कार्यदिशहरू, कार्यविधिहरू बनाउने कुरा रोक्नुपर्छ भन्ने नै हो । खास गरेर कानुन बनिसकेपछि कानुनमै नियमावली बनाउनुपर्ने बुँदाहरू, तोक्नुपर्ने कुरा यो ऐनले ल्याएको छ, यो विधेयकले ल्याएको छ । त्यसो हुँदाखेरि त्यो चाहिँ जायज छ । त्यसो नगरिकन, नगर्ने हो भने सबै कानुनहरूमा छिद्रहरू खोजेर त्यहाँ चाहिँ नियमावलीहरू, कार्यदिश, कार्यविधिहरू आदि, इत्यादि बनाएर काम चलाउने, काम गर्ने, आफू अनुकल बनाउने परम्परा चाहिँ रहिआएको छ अहिलेसम्म । अब यसलाई रोक्नको निम्ति यो असाध्यै प्रभावकारी बनाउन पर्छ, प्रभावकारी रूपले कार्यान्वयन गराउनुपर्छ । यता यो खास गरेर कानुन बन्ने जनताले थाहा

नपाउने, कानुन बन्छ जनस्तरबाट चाहिँ त्यसको जानकारी प्राप्त हुँदैन । त्यसो भएर जनसहभागिताको जुन कुरो छ, यो असाध्यै राम्रो कुरो छ । यो जनसहभागिता भनेको सामान्यतया यसो सार्वजनिक गरिदिएर मात्र हुँदैन, त्यो खालका line agency हरू जो जो त्यससित सरोकार राख्छन् उनीहरूलाई चाहिँ सहभागी गराउने कुरा प्रमुख कुरा हो । त्यसो भएर त्यसतर्फ यो उसले, यो विधेयकले ध्यान दिएको छ । यसको निम्ति पनि म यो विधेयकप्रति समर्थन जनाउँदै मेरा भनाइहरू यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**(१५:३८ बजे) माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ**:- सम्माननीय अध्यक्ष महोदय, वास्तवमा आज यो जुन विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सन्दर्भमा सैद्धान्तिक छलफलमा यहाँ ११ जना माननीय सदस्यज्यूहरूले आफ्नो धारणा राख्नुभएको छ । धारणा राख्ने क्रममा माननीय सदस्यज्यूहरूले, सबैले यस सन्दर्भमा धन्यवादै दिनुभा' छ, स्वागत गर्नुभा' छ, समर्थन गर्नुभा' छ र सुझावहरू दिनुभा' छ । त्यसकारणले गर्दाखेरि एकैमुस्टमा म अध्यक्ष महोदयमार्फत सबै माननीय सदस्यज्यूहरूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु, धन्यवाद ज्ञापन गर्न चाहन्छु । र खासै यहाँ मैले अघि नै भनिसकें सुझावहरू आएका छन्, ती सुझावहरूको सन्दर्भमा पछि फेरि बसेर सल्लाह गरौंला ।

सम्माननीय अध्यक्ष महोदय, ऐन लागु हुने विषय, प्रत्यायोजित विधायनका सीमाहरू, विधायनको अभिलेख तथा प्रकाशनसम्बन्धित विषयका सम्बन्धमा प्रचलित कानुनमा केही व्यवस्था गरिएको भए तापनि विधायन तर्जुमा प्रकाशन र अभिलेख व्यवस्थापनको कार्यलाई व्यवस्थित गरी छुट्टै र स्पष्ट कानुनी व्यवस्था नरहेकोले संघीय संसदमा पेस हुने विधेयकलाई गुणस्तरीय बनाई कानुन निर्माणमा एकरूपता कायम गर्ने, जारी भएको ऐनको व्यवस्थित अभिलेख राख्ने, प्रत्यायोजित विधायनको सीमा तोक्ने, ऐनबाट प्रत्यायोजित अधिकार प्रयोग गरी नेपाल सरकार वा अन्य निकायले बनाउने प्रत्यायोजित विधायन मूल विधायनको उद्देश्यविपरीत भए नभएको जाँच

गर्ने, जारी भएको प्रत्यायोजित विधायनको व्यवस्थित अभिलेख राखी प्रकाशन गर्नेलगायतका विधायन व्यवस्थापन सम्बन्धमा स्पष्ट व्यवस्था गर्नका लागि विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तयार गरिएको छ । साथै यस विषयमा ऐन निर्माण गर्न राष्ट्रिय सभाको प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समितिबाट मिति २०७८/०६/०६ मा नेपाल सरकारलाई निर्देशन भएको कुरा सर्वविदितै छ । उल्लेखित निर्देशनबमोजिम सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त सुझावसमेतलाई समेटी यो विधेयक तयार गरिएको निवेदन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यस विधेयकमा सरकारी विधेयकको रूपमा संघीय संसदमा पेस गरिने विधेयकको प्राथमिकता क्रमसहित वार्षिक कार्यतालिका निर्धारण गरी संघीय संसदमा पठाउनुपर्ने व्यवस्था गरिएको छ । यसबाट संघीय संसदमा पेस हुने सरकारी विधेयक वार्षिक कार्यतालिकामा आधारित भई नियमित रूपमा संघीय संसदमा पेस हुने र संघीय संसदको विधायिकी कार्यलाई वस्तुनिष्ठ, प्रभावकारी र अनुमानयोग्य बनाउन सहयोग पुग्ने छ । यसका साथै विधेयकमा प्रत्यायोजित विधायनको तर्जुमा, सीमा, स्वीकृति, प्रकाशन तथा अभिलेख व्यवस्थापनका विषयमा स्पष्ट र यथेष्ट व्यवस्था गरिएको छ । यसबाट ऐनको अधिकार प्रयोग गरी जारी हुने प्रत्यायोजित विधायनको सीमा निर्धारण भई त्यस्ता विधायनहरू ऐनको उद्देश्य र दायराभन्दा बाहिर गई तर्जुमा हुने प्रवृत्ति अन्त्य हुने देखिन्छ । प्रस्तुत विधेयकले सरोकारवाला र आमनागरिकसँगको छलफल तथा परामर्शलाई समेत कानुनी रूपमै अनिवार्य गर्न खोजिएको छ । यसबाट विधेयकप्रति सरोकारवालाहरूको अपनत्व सिर्जना हुन जाने विश्वास लिएको छु ।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा सबै किसिमका विधायनको तर्जुमाको प्रक्रिया र सीमा निर्धारण तथा विधायनको अभिलेख तथा प्रकाशन सम्बन्धमा विस्तृत व्यवस्था गरी विधिको शासनलाई थप सुदृढ गर्ने, गराउने उद्देश्यले तयार गरिएको विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सदनबाट अझ समृद्ध बन्ने विश्वास लिएको छु । र माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत फेरि पनि हार्दिक हार्दिक आभार व्यक्त गर्दै बिदा चाहन्छु । धन्यवाद ।

**(१५:४२ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

मानानीय सदस्यहरू, अब म "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "विधायनसम्बन्धी विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "विधायनसम्बन्धी विधेयक, २०८०" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असोज २३ गते मङ्गलवार विहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असोज २३ गते मङ्गलवार विहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:४३ बजे ।**